प्रति इकाई अंकित मूल्य रु.१०/- दरको १६,००,००,००० (सोह्र करोड) इकाई मध्ये बीज पूँजी वापत १ प्रतिशत अर्थात १६,००,००० (सोह्र लाख) इकाई योजना व्यवस्थापक एनआईबिएल एस क्यापिटल लिमिटेड तथा १९ प्रतिशत अर्थात ३,०४,००,००० (तीन करोड चार लाख) इकाई कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको लागि गरी कुल निष्काशन गरिने इकाईको जम्मा २० प्रतिशत अर्थात (तीन करोड बिस लाख) इकाई सुरक्षित राखि बाँकी न्यूनतम १२,८०,००,००० (बाह्र करोड असी लाख) इकाई, यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको ।

आवेदन दिनुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय)
आवेदन दिन पाउने अधिकतम इकाई संख्या	१,६०,००,००० (एक करोड साठ्ठी लाख)

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको नेपाल इन्भेष्टमेण्ट बैंक कोष प्रबर्द्धक रहेको तथा एनआईबिएलएस क्यापिटल योजना व्यवस्थापक रहेको

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

एनआईबिएल ग्रोथ फण्ड (NIBL Growth Fund)

आह्वान पत्र

इकाई बिक्री खुल्ला हुने मिति	२०७९/०९/०७ गते
इकाई बिक्री बन्द हुने मिति (छिटोमा)	२०७९/०९/१२ गते (बैकिङ्ग समय पश्चात्)
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)	२०७९/०९/२१ गते (बैकिङ्ग समय पश्चात्)

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

आवेदनसाथ भूक्तानी गर्नुपर्ने रु. १०/- प्रति इकाईका दरले

यो विवरण पुस्तिका नभई केबल आह्वान पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७९/०८/१८ गते ।

१. योजना सम्बन्धी सक्षिप्त जानकारी :

१.	योजनाको नाम	एनआईबिएल ग्रोथ फण्ड (NIBL GROWTH FUND)
२.	योजनाको आकार	रु.१,६०,००,००,०००/– (१ अर्ब ६० करोड)
३.	योजनाको प्रकार	बन्दमुखी (Close-Ended)
४.	निष्काशन गर्न लागिएको इकाई संख्या	१६,००,००,००० (सोह्र करोड)
५.	प्रति इकाई मूल्य	रु.१०/– (अक्षरेपी दश रुपैया)
६.	कुल निष्काशन मध्ये न्यूनतम खरिद गर्न पाउने इकाई संख्या	१०० (एक सय) इकाई
७.		८,००,००,००० (आठ करोड)
	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	न्यूनतम संख्या ८,००,००,००० (आठ करोड) इकाई बिक्री नभएमा उक्त योजना खारेज गरी १५ दिनभित्र निवेदकहरुको रकम फिर्ता गर्ने भुक्तानी प्रक्रिया शुरु गरिनेछ ।
८.	कुल निष्काशन मध्ये अधिकतम सकारिने इकाई संख्या	२०,००,००,०००/- (बीस करोड) *(नियमावलीमा भएको व्यवस्था बमोजिम निष्काशन गर्न सकिने अधिकतम इकाई)*
९.	योजनाको अवधि	इकाई बाँडफाँड भएको मितिले १० वर्ष ।
१०.	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँड भएको मितिले १० वर्ष (उक्त अवधि पश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानुन बमोजिम वितरण गरिने)
११.	योजना बिक्री खुल्ला हुने मिति	२०७९/०९/०७
१२.	योजना बिक्री बन्द हुने मिति (छिटोमा)	२०७९/०९/१२ (बैंकिङ्ग समय पश्चात्)
	योजना बिक्री बन्द हुने मिति (ढिलोमा)	२०७९/०९/२१ (बैंकिङ्ग समय पश्चात्)
१३.	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट धितोपत्रको दरखास्त संकलनको लागि अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु (आस्बा सदस्य) का आस्बा सेवा प्रदान गर्ने सम्पर्ण कार्यालयहरु ।
१४.	खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय) इकाई
१५.	खरीद गर्न सकिने अधिकतम इकाई संख्या	१,६०,००,००० (१ करोड ६० लाख) इकाई सम्म
१६.	इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था	इकाई बिक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिनेछ ।
१७.	सूचिकरण तथा दोश्रो बजार कारोबार व्यवस्थाहरु	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गरी कारोबारको व्यवस्था गरिने
१८.	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफाबाट मुनाफा वितरण कट्टा गरी बाँकी रहेको रकम सचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ ।
१९.	इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली संस्था (कम्पनी), बैंक, वित्तिय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२०.	योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	एनआईबिएल एस क्यापिटल लिमिटेड, वडा नं. २, लाजिम्पाट, काठमाण्डो । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६७/११/२५, दर्ता नं. १२८४/०६७/०६८ नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः २०७०/५/७
२१.	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	एन अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्स, टोखा, काठमाडौं (बाह्य लेखापरीक्षक)
२२.	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. श्री बिमल प्रसाद कोईराला, आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौ २. श्री शम्भु राम सिम्खडा, वडा नं.३, बाँसबारी, काठमाण्डौ ३. श्री दुर्गेश मान सिंह, वडा नं.२६,९/५४८ यटखा टोल, काठमाण्डौं ४. श्री जितेन्द्र बहादुर राजभण्डारी, सतमार्ग १३, सानेपा, ललितपुर ५. श्री राजु नेपाल, सुर्यविनायक वडा नं. ५, भक्तपुर
२३.	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	क्रेडिट रेटिङ्ग नियमावली, २०६८ ले सामूहिक लगानी कोष अन्तर्गत संचालन हुने योजनाको रेटिङ्ग गुर्नुपर्ने व्यवस्था नगरेको तथा प्रस्तावित योजना संचालन स्वीकृतीको क्रममा योजनाको रेटिङ्ग गर्न आवश्यक पर्ने कार्य सम्पादन (कारोबार तथा लगानी, आय व्यय, सम्पत्ती तथा दायित्व इत्यादी) को अवस्था श्रृजना भैनसक्ने हुँदा योजनाको रेटिङ्ग गरिएको छैन ।
२४.	लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र । ३. नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत धितोपत्र । ४.नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्रहरु ।
२५.	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी आँफैले डिपोजिटरीको कार्य समेत गर्नेछ ।
२६.	खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था	सामूहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम वा नियमनकारी निकायले निर्देश गरे बमोजिम खुद सम्पत्ती मूल्य गणना गरिनेछ, जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ ।
२७.	एनआईबिएल ग्रोथ फण्डको विशेषता :	विद्यमान नियम तथा प्रचलित कानूनको अधिनमा रहि विभिन्न वित्तिय उपकरणहरमा लगानी गरी इकाईधनीहरुको लगानीसँग सम्बन्धित उच्च जोखिमलाई न्यूनिकरण गर्दै योजनाको अविधिभर निरन्तर समूचित प्रतिफल प्रदान गर्ने यस योजनाको प्रमुख उद्देश्य तथा विशेषता रहेको छ ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड ।

कोष प्रवर्द्धकको संक्षिप्त इतिहास : नेपाल इन्भेष्टमेण्ट बैंक लि., तत्कालिन कम्पनी ऐन तथा तत्कालिन वाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत वाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजतपत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको र नेपाल राष्ट्र बैंकको मर्जर सम्बन्धी नीति अनुरुप राष्ट्रिय स्तरको एस डेभलपमेण्ट बैंक लिमिटेडसँग १००:४१ को अनुपातमा पहिलो मर्जर भई मिति २०७४ असार २९ गतेदेखि एकिकृत कारोबार प्रारम्भ गरेको थियो । सो पश्चात् जेबिल्स् फाईनान्स लिमिटेडसँग १००:३३ को अनुपातमा दोश्रो मर्जर भई मिति २०७६ असार ३० गतेदेखि एकिकृत कारोबार प्रारम्भ गरेको र सिटी एक्सप्रेस फाईनान्स लिमिटेडसँग १००:३० को अनुपातमा तेश्रो मर्जर भई मिति २०७७ माघ ११ गतेदेखि एकिकृत कारोबार प्रारम्भ गर्दै आईरहेको छ । यस बैंकले तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत वाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजतपत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ । नेपाल भित्र वैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मुताबिक यस बैंकले आफ्नो कार्य क्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुऱ्याउँदै आएको छ । यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तिय क्षेत्र तथा व्यवस्थापनमा लामो समय देखि आवद्ध रहेको व्यक्तित्वहरु हुनुहुन्छ ।

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तिय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मूख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै वित्तिय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तिय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्न र सो कार्यको लागि आवश्यक वित्तिय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तिय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवंद्धकको विगत तीन वर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (Earning Per Share) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :

कोष प्रवंद्धकको समष्टिकृत रुपमा विगत तीन आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब, अन्य विस्तृत आम्दानी तथा नगद प्रवाह विवरण तथा आर्थिक वर्ष २०७८/७९ को व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तिय विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

समष्टिकृत वासलात

(रु. हजारमा)

सम्पत्ति	वास्तविक			अपरिस्कृत
	आ.व.७७५/७६	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९
नगद तथा नगद बराबर	१४,०५७,१८१	७,८४५,२०७	७,९५६,१०६	१३,०७०,६३४
नेपाल राष्ट बैंकमा रहेको मौज्दात तथा लिन पर्ने	१०,८६०,९२२	१४,३२१,९७१	७,४१७,२५४	५,६३७,२८२
बैंक तथा वित्तिय संस्थाहरुमा रहेको मौज्दात	८,४९८,९७४	७,९६४,९९२	८,१३६,७८०	८,७७८,७०७
व्युतपन्न वित्तिय उपकरण	४३६,८८८	१३३,९७७	३६,७४७	–
अन्य व्यापारीक सम्पत्ति	९५,६८१	८०,०३७	९२,०७६	७३,३८७
बैंक तथा वित्तिय संस्थाहरुलाई कर्जा	४,२७४,४१६	४,९२०,०६२	५,०९४,८५१	७६५,९,३४३
ग्राहकलाई ऋण तथा कर्जा	१२२,८६६,५४४	१३५,०८२,०९९	१५६,८१६,६७७	१५७,४६९,७४४
धितोपत्रमा लगानी	१७,४०५,७२५	२६,८९१,५०८	३६,७८४,७८२	४५,४१०,६९७
यस आ.व.को कर सम्पत्ति	५०७,६३६	७१५,२२६	५८९,८३४	३२८,७०८
सहायक कम्पनीमा लगानी	–	–	–	–
सम्बद्ध कम्पनीमा लगानी	१२१,६३२	१४३,६७१	२०७,६६५	२७५,२९३
सम्पत्तिमा लगानी	२१४,०९०	२६५,९८३	६०१,८४८	९२३,४१३
सम्पत्ति तथा उपकरण	४,०६८,९०१	४,०३०,१४८	४,१०६,७४२	४,२२१,१५७
साख र अमुर्त सम्पत्ति	९२,५१९	१२६,१०६	११४,४३६	७७,२५६
स्थगन कर सम्पत्ति	–	–	–	–
अन्य सम्पत्ति	३,३५६,११५	१,६६६,५१३	२,७१३,४३५	३,८६४,७१८
कुल सम्पत्ति	**१८६,८४७,२३४**	**२०४,१८७,४९८**	**२३०,६६९,२३३**	**२४७,७९०,३३९**
पुँजी तथा दायित्व				
बैंक तथा वित्तिय संस्थालाई दिनुपर्ने	२,७९०,९६३	२,४६२,२१७	४,८४०,२६५	१,९७३,९२०
नेपाल राष्ट बैंकलाई ऋण तथा कर्जा	९४०,२६७	२,७२३	३,५७५,६४७	६,४७०,८६५
व्युतपन्न वित्तिय उपकरण	–	–	–	५,२३९
ग्राहक निक्षेप	१४९,३३६,५०८	१६६,३३८,५५४	१७४,५२५,५९०	१८४,७७८,७२४
सापटी	–	–	–	३,८२५,०००
यस आ.व.को कर दायित्व	–	–	–	–
व्यवस्था	२,२७९	२,४९७	२,२४६	२,२४६
स्थगन कर दायित्व	८४७,५६०	९६१,५६१	१,७९९,२६६	१,१३२,६२७
अन्य दायित्व	३,८७१,८२७	३,७३८,०१६	६,५३०,४६९	८,८१६,७९१
जारी गरिएको ऋण पत्र	३,२५०,०००	३,२५०,०००	६,७५०,०००	६,०००,०००
सहायक दायित्व	–	–	–	–
जम्मा दायित्व	**१६१,०४९,४०४**	**१७६,७५५,५६८**	**१९८,०२३,४८३**	**२१३,००५,४१२**
इक्विटी	–	–	–	–
शेयर पुँजी	१२,८६९,७४९	१४,२४८,९५५	१६,२५७,३३०	१८,३०७,५४१
शेयर प्रिमियम	१०५,६४९	३२,५९९	४,७९८	–
सञ्चित मुनाफा	२,३०३,५३५	२,८८५,९६९	२,२२६,१८७	१,७६८,१७०
कोषहरु	१०,५२८,८९७	१०,२६४,४०७	१४,१५७,४३५	१४,७०९,२१६
इक्विटी धारकलाई बाँडफाँड योग्य कुल इक्विटी	**२५,८०७,८३०**	**२७,४३१,९३०**	**३२,६४५,७५०**	**३४,७८४,९२७**
गैर नियन्त्रित स्वार्थ	–	–	–	–
जम्मा इक्विटी तथा दायित्व	**१८६,८४७,२३४**	**२०४,१८७,४९८**	**२३०,६६९,२३३**	**२४७,७९०,३३९**

समष्टिकृत नाफा–नोक्सान हिसाब विवरण

(रु. हजारमा)

	वास्तविक			अपरिष्कृत
	आ.व.७७५/७६	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९
ब्याज आम्दानी	१५,०४७,५२७	१५,२८४,७१६	१३,७९७,२४७	१६,९१९,४१३
ब्याज खर्च	(८,७९८,१६७)	(९,४२१,९३६)	(८,११८,०९३)	(१०,८८३,३४६)
खुद ब्याज आम्दानी	**६,२४९,३६०**	**५,८६२,७८०**	**५,६७९,१५५**	**६,०३६,०६८**
शुल्क र कमिशन आम्दानी	१,५५०,६२९	१,५९६,०९२	१,५५०,९९३	२,८८१,४५४
शुल्क र कमिशन खर्च	(३५५,७४३)	(३२६,४८०)	(२७७,५२२)	(३३९,७२०)
खुद शुल्क र कमिशन आम्दानी	**१,१९४,८७६**	**१,२६९,६१२**	**१,२७३,४७१**	**२,५४१,७३४**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	**७,४४४,३३६**	**७,१३२,३९१**	**६,९५२,६२५**	**८,५७७,८०२**
खुद व्यापारबाट आम्दानी	८९५,३९३	८७८,९२०	७८६,६९५	६६१,१५१
अन्य सञ्चालन आम्दानी	१४१,०३०	१७८,८२४	८८०,६४१	३०३,४९१
जम्मा सञ्चालन आम्दानी	**८,४८०,६५९**	**८,१९०,१३६**	**८,६१९,९६२**	**९,४४२,४४४**
कर्जा क्षति प्रभार/विपर्यय तथा अन्य हानि	(१,५२६,६१०)	(१,९९७,२४५)	(४४१,६७०)	१,६२०,७१९
खुद सञ्चालन आम्दानी	**६,८८४,०५०**	**६,१९२,८९०**	**८,१७८,२९२**	**११,१६३,१६३**
कर्मचारी खर्च	(१,६०४,२५१)	(१,४९३,२४३)	(१,७६९,२३२)	(२,००७,२६६)
अन्य संचालन खर्च	(८८०,१५४)	(८७७,७८२)	(८८१,२८०)	(१,८५१,७३९)
ह्रासकट्टी तथा परिशोधन	(२२७,७०३)	(२६८,०५८)	(२६८,६५६)	(४९६,४८७)
जम्मा संचालन खर्च	**(२,७१२,११६)**	**(२,६३९,०८४)**	**(२,९१९,१६७)**	**(४,३५५,४९२)**
संचालन आम्दानी	**४,१७१,९३४**	**३,५५३,८०७**	**५,२५९,१२५**	**६,८०७,६७१**
गैर संचालन आम्दानी	६९५,१९५	२५,३५८	६८,०७३	७०,५२९
गैर संचालन खर्च	(३१५,६५८)	(६,२८८)	(६४,७२६)	(९०४,१०९)
आयकर पूर्वको मुनाफा	**४,५५१,४७१**	**३,५७२,८७६**	**५,२६२,४७२**	**५,९७४,०९१**
आयकर खर्च				
यस वर्षको कर व्यवस्था	(१,१८२,१३७)	(१,११२,५४७)	(१,५८२,७३०)	(१,७८४,०३७)
स्थगन कर	(७,३०५)	(३,०३६)	२२,४५२	–
यस आ.व. को आम्दानी	**३,३६२,०३०**	**२,४५७,२६२**	**३,७०२,१९५**	**४,१९०,०५५**

विगत तीन बर्षको नेटवर्थ सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत
	आ.व.७७५/७६	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९
चुक्ता पुँजी (रु. हजारमा)	१२,८६९,७४९	१४,२४८,९५५	१६,२५७,३३०	१८,३०७,५४१
जगेडा तथा कोषहरु (रु. हजारमा)	१२,९३८,०८१	१३,१८२,९७५	१६,३८८,४२०	१६,४७७,३८६
जम्मा	**२५,८०७,८३०**	**२७,४३१,९३०**	**३२,६४५,७५०**	**३४,७८४,९२७**
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	–	–	–	–
कुल नेटवर्थ	२५,८०७,८३०	२७,४३१,९३०	३२,६४५,७५०	३४,७८४,९२७
शेयर संख्या ('०००)	१२८,६९७	१४२,४९०	१६२,५७३	१८३,०७५
प्रति शेयर नेटवर्थ (रु.)	**२०१**	**१९३**	**२०१**	**१९०**
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००
प्रति शेयर आम्दानी (रु.)	२६.१२	१७.२५	२२.७७	२२.८९
नेटवर्थमा प्रतिफल (%)	**१३.०३**	**८.९६**	**११.३४**	**१२.०५**

५. योजना व्यवस्थापक सम्बन्धी विवरण

(क) योजना व्यवस्थापकको नाम : एनआईबिएल एस क्यापिटल लिमिटेड ।

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण: योजना व्यवस्थापक कम्पनी श्री एनआईबिएल एस क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापन भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम काम कारोबार गर्न सक्ने संस्था भएको ।

(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना : काठमाण्डौं महानगरपालिका, वडा नं. २, लाजिम्पाट, काठमाण्डौ ।

(घ) योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास : एनआईबिएल एस क्यापिटल लिमिटेड, (तत्कालिन एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड) कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/११/२५ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६९/०३/०४ मा अनुमतिपत्र प्राप्त गरेको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९ श्रावण १६ देखि संचालन अनुमति प्राप्त गरेको हुनाले सोही मितिबाट मर्चेन्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन र प्रत्याभूति सेवा कार्य गरेकोमा हाल कम्पनीले सो को अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन तथा निक्षेप सदस्यको सेवा प्रदान गर्दै आइरहेको छ । साथै यस कम्पनीले मिति २०७०/०५/०७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्नको लागि समेत अनुमति प्राप्त गरी हालसम्मा एनआईबिएल समृद्धि फण्ड-१ (मिति २०७८ साल पौष २२ गते परिपक्क भैसकेको) र एनआईबिएल समृद्धि फण्ड-२ तथा एनआईबिएल प्रगति फण्ड नामक दुईवटा बन्दमुखि योजना र एनआईबिएल सहभागिता फण्ड नामक खुलामुखि योजना सञ्चालन गरिरहेको छ ।

सावित एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड र सावित एस क्यापिटल लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा मिति २०७४ साल कार्तिक २३ गते भएको सहमतिपत्र बमोजिम दुवै कम्पनीको मिति २०७४ मंसिर २९ गते सम्पन्न छट्टाछुट्टै विशेष साधारणसभाको निर्णय बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४ साल माघ ११ गते स्वीकृति प्राप्त भएको आधारमा मिति २०७४ साल माघ २८ गते देखि एनआईबिएल एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबार सञ्चालन हुदै आएको छ । सो मर्जर पश्चात् यस कम्पनीको चुक्ता पूँजी रु.२७ करोड पुगेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्र नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्ने ।

२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।

३. लगानीकर्ताहरुको पूँजी बजार तर्फको विश्वासनियता अभिवृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।

४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।

५. उपलब्ध शीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तिय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

योजना व्यवस्थापक कम्पनीको प्रबन्धपत्र तथा नियमावली संस्थाको रजिष्टर्ड ठेगाना काठमांण्डौ-०२, लाजिम्पाटमा कार्यालय समयभित्र सम्पर्क गरी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

(क) व्यवसाय/सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :

एनआईबिएल एस क्यापिटल लिमिटेडले यस अघि एनआईबिएल म्युचुअल फण्ड अन्तर्गतको एनआईबिएल समृद्धि फण्ड-१ (बन्दमुखी योजना) मिति २०७८/०९/२२ गते परिपक्क भईसकेको र हाल संचालनमा रहेका तीन वटा योजनाहरुस एनआईबिएल प्रगति फण्ड (बन्दमुखी योजना), एनआईबिएल सहभागिता फण्ड (खुलामुखी योजना) र एनआईबिएल समृद्धि फण्ड-२ (बन्दमुखी योजना) संचालन गरिरहेको छ, जसमध्ये बन्दमुखी योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण भई कारोबार समेत भईरहेको छ । योजना व्यवस्थापकका भावी योजना अन्तर्गत समय सापेक्ष भएर बजारको अवस्था हेरी नयाँ प्रविधिहरुको प्रयोग गर्दै देशभर आफ्नो सेवा विस्तार गर्ने योजना राखेको छ ।

योजना व्यवस्थापक कम्पनीले आफ्ना रणनीतिहरुलाई अल्पकालीन, मध्यकालीन र दिर्घकालीन रणनीतिको रुपमा लागु गर्ने व्यवस्था गरेको छ ।

३ वर्ष सम्मको अवधीलाई अल्पकालीन अवधिको रुपमा इङ्गित गर्दै आ.व.२०८१/८२ भित्र हाल संचालनमा रहेका एनआईबिएल सहभागिता फण्ड र एनआईबिएल समृद्धि फण्ड २ योजनाहरुका अलावा अन्य ४ वटा थप सामूहिक लगानी कोष योजनाहरु संचालन गर्ने योजना रहेको छ । योजनाहरुको चुस्त दुरुस्त व्यवस्थापनका लागी आवश्यक जनशक्ति तथा संयन्त्रलाई प्रभावकारी रुपमा स्पष्ट कार्यदिशा रहित परिचालित गरिनेछ ।

योजना व्यवस्थापकले प्रदान गर्दै आईरहेको अन्य सेवाहरु बाहेक नविनतम् अवधारणा सहितको PE/VC तथा अन्य नविनतम सेवाहरुलाई समेत पूँजी संकलन तथा नवप्रर्वीद्धत उद्योगहरुको लागी लगानी जुटाउने संयन्त्रको रुपमा तयार गरिनेछ ।

लगानी व्यवस्थापन सेवालाई थप प्रभावकारी बनाई ग्राहक संख्या र कूल लगानी रकममा हालको भन्दा गुणत्मक वृद्धि गरिने लक्ष्य राखिएको छ भने ग्राहकको लग